" मीठे बच्चे– देवताहरूभन्दा पनि उच्च यो तिम्रो ब्राह्मण जीवन हो किनकि यस समय मा तिमीले ती नै लोक र ती नै काललाई जान्दछौ , तिमी ईश्वरीय सन्तान हौ।"

प्रश्नः– तिमी बच्चाहरू अहिले कुनचाहिँ उच्च चढाइ चढ्छौ?

उत्तरः– मनुष्यबाट देवता बन्ने यो उच्च चढाइ हो, जसमा तिमी चढिरहेका छौ। भनिन्छ पनि– चढे तो चाखे प्रेम रस... यो धेरै लामो चढाइ हो। तर आश्चर्य छ– जो चढ्छन् एक सेकेण्डमा, तर उत्रिन समय लाग्छ।

प्रश्नः– पापको घडा फुटेपछि नै जयजयकार हुन्छ, यसको कुनचाहिँ निशानी भक्तिमार्गमा छ?

उत्तरः– देखाउँछन्– घडाबाट सीता निस्किइन्... अर्थात् जब पापको घडा भरिएर फुट्छ, तब सीता र राधाको जन्म हुन्छ।

गीतः– इस पाप की दुनियाँ से...

ओम् शान्ति। प्यारा बच्चाहरूले गीत सुन्यौ, भक्ति मार्गको। पुकार्छन्– यस पतित दुनियाँबाट पावन दुनियाँमा लैजानुहोस्। अशान्तिको दुनियाँबाट शान्तिको दुनियाँमा लैजानुहोस्। बुद्धिमा बसेको छ– कुनै अर्को दुनियाँ छ, जहाँ शान्ति पनि थियो, सुख पनि थियो। महाराजा, महारानी, लक्ष्मी-नारायणको राज्य थियो, जसका यहाँ चित्र पनि छन्। मनुष्य जसले इतिहास-भूगोल पढ्छन्, त्यो त क्वार्टर दुनियाँको हो। आधाकल्पको पनि होइन। सत्ययुग त्रेताको बारेमा कसैलाई थाहा छैन। आँखा नै बन्द छ, मानौं कानो छन्। विश्वको इतिहास-भूगोल कसैलाई थाहा नै छैन। विश्व कति ठूलो छ। नयाँ विश्व कहिले सुरु भएको हो? फेरि पुरानो हुन्छ, अनि फेरि पुरानोबाट नयाँ कहिले बन्छ? यो कुरा तिमी बच्चाहरूले अहिले जानेका छौ। बन्छ त अवश्य नै। गोल्डन, सिल्वर, कपर, आइरनमा आउनु नै छ। कलियुगपछि सत्ययुग फेरि अवश्य हुनेछ। संगममा सत्ययुग स्थापना गर्नेवाला आउनुहुन्छ। यो सम्झाउने युक्ति हो। कलियुगलाई सत्ययुग बनाउने बाबा नै हुनुहुन्छ। यति सहज कुरा पनि कसैको बुद्धिमा आउँदैन किनकि बुद्धिलाई मायाको ताला लागेको छ। परमपिता परमात्माको महिमा पनि गाउँछन्, हे परमपिता परमात्मा, बुद्धिमानहरूका बुद्धि हजुर हुनुहुन्छ। बुद्धिहीनलाई हजुरले बुद्धि दिनुहोस्। अरू सबै आसुरी मत दिनेहरू हुन्, श्रेष्ठ मत दिने एउटै बाबा हुनुहुन्छ। मनुष्यले गायन गर्छन् तर केही पनि बुझेका छैनन्।

तिमी बच्चा हरूलाई अहिले तीन लोकको ज्ञान छ। यस्तो होइन तिमीलाई केवल विश्वको मात्र ज्ञान छ, यो विश्वभन्दा पनि तिमीले अरू धेरै जान्दछौ। मूलवतन, सूक्ष्मवतन, स्थूलवतन– यी तीन लोकको ज्ञान बुद्धिमा छ। जसले राम्रोसँग पढ्छन्, उनको बुद्धिमा हुन्छ। तिमीले विद्यालयमा पढ्छौ, त्यसैले पढाइ पूरा बुद्धिमा रहनुपर्छ। तीन कालको ज्ञान तिम्रो बुद्धिमा छ। तिमी त्रिकालदर्शी बन्छौ। तिमीलाई त्रिलोकीनाथ भनिदैन। त्रिलोकीनाथ कोही बनेको छैन। त्रिकालदर्शी शब्द ठीक छ। तीन लोक, तीन काललाई तिमीले जान्दछौ। वास्तवमा हामी मूलवतनमा रहन्छौं। हामी आत्माहरू त्यहाँ निवास गर्छौं। यो ज्ञान अरू कसैको बुद्धिमा छैन। यो तिमीलाई थाहा छ– परमपिता परमात्मा त्रिकालदर्शी हुनुहुन्छ। तिमीले आदि-मध्य-अन्त्य तीनै काललाई र त्रिलोकलाई जान्दछौ। लक्ष्मी-नारायणलाई वैकुण्ठनाथ भन्न सकिन्छ, त्रिलोकीनाथ होइन। उनीहरू वैकुण्ठ वा स्वर्गका मालिक हुन्। बाबालाई स्वर्गको मालिक भन्न सकिदैन। यो पनि बुझ्नु पर्ने कुरा हो। परमात्मा जस्तो कुनै मनुष्य हुन सक्दैन। भन्छन् पनि– परमात्मा सर्वज्ञ हुनुहुन्छ, ज्ञानका सागर हुनुहुन्छ, तर अर्थ जान्दैनन्। सम्झन्छन्– जानी-जाननहार हुनुहुन्छ त्यसैले सबैको दिललाई जान्नुहुन्छ। सर्वव्यापी भनेर ग्लानि गरिदिन्छन्।

अहिले त तिमी ईश्वरीय वंशावली हौ, फेरि दैवी वंशावली बन्छौ। ईश्वर ठूलो वा सत्ययुगका देवताहरू ठूलो? ती देवताहरू भन्दा ठूलो सूक्ष्मवतन निवासी देवताहरू हुन्। सूक्ष्मवतनवासी ब्रह्मा ठूला भनिन्छ नि! उनी हुन् नै अव्यक्त। यी त व्यक्त हुन् नि। यी जब पावन फरिश्ता बन्छन् अनि महिमा हुन्छ। ब्राह्मणलाई अहिले अलंकार दिएमा त्यो अस्त्र-शस्त्र सुहाउँदैन। त्यसैले विष्णुको स्वदर्शन चक्र देखाउँछन्। शंख, चक्र, गदा, पदम अब यसको

अर्थ पनि तिमीले बुझेका छौ। सत्ययुगमा लक्ष्मी-नारायणलाई त अस्त्र-शस्त्र दिइएको छैन। यो हो अहिलेको कुरा। वास्तवमा यो ज्ञानको अस्त्र-शस्त्र हो। स्थूल हतियारको कुरा नै होइन। शास्त्रहरूमा त स्थूल हतियार आदि छन्। पाण्डव र कौरवहरूको सेना देखाइएको छ, तर त्यसमा फिमेललाई देखाइएको छैन। पाण्डव सेनामा पुरुष देखाउँछन्। बाँकी शक्ति सेना कहाँ गए! यो हो गुप्त। कसैलाई थाहा नै छैन– यी शिवशक्ति कहाँ गए। यिनको वृत्तान्त केही पनि देखाएका छैनन्। शक्तिले कसरी लडाइँ गरिन्! सेना देखाउँछन् हैन? कसैलाई पनि समझमा आउँदैन। जसले जे बोल्यो, त्यो लेखिदियो। यथार्थ रीतिले अहिले तिमीले जान्दछौ। हामी सबै एक्टर हौं। हरेक आत्मालाई आफ्नो पार्ट मिलेको छ। बाबा, जसलाई रचयिता, डाइरेक्टर, मुख्य एक्टर भनिन्छ, उहाँद्वारा तिमीले सारा ड्रामाको रहस्यलाई जान्दछौ। यसमा ४ युग छन् अथवा ४ भाग छन्, जसलाई युग भनिन्छ। वास्तवमा पाँचौं हो – यो कल्याणकारी युग। सत्ययुग र त्रेताको संगमलाई कल्याणकारी भनिदैन किनकि उत्रिनु पर्ने हुन्छ। सतोप्रधान सतो, रजो, तमो– यो हो सिँढी। सिँढी उत्रिनै पर्छ। ज्ञानमा तिमीले एकै पटक छलाङ लगाउँछौ, फेरि माथि चढेको सिँढी उत्रिदै जान्छौ। सिँढी झर्न धेरै सहज हुन्छ। चढ्न धेरै मुश्किल हुन्छ। तिमीले कति मेहनत गर्छौ। मनुष्यबाट देवता बन्न उच्च चढाइ छ नि। भन्छन् नि– चढे त चाखे प्रेम रस। जान्दछौ– अहिले हामी चढिरहेका छौं। फेरि गिर्छौं, एकदम चकनाचुर हुन्छौं। कति समय लाग्छ! यो धेरै लामो चढाइ हो। तिमीलाई थाहा छ– अहिले हामी चढिरहेका छौं, फेरि उत्रिन्छौं। सेकेण्ड लाग्छ चढ्न, अन्तिममा आउनेहरू सेकण्डमा चढ्न सक्छन्। अबलाहरू, माताहरूमाथि कति अत्याचार हुन्छ। बच्चीहरूले पुकार्छन्– बाबा नंगन हुनबाट बचाउनुहोस्। धेरै बच्चीहरू छन्। अबलाहरूमाथि अत्याचार धेरै हुन्छ। कुट्छन् त्यसैले उनीहरूको पापको घडा भरिन्छ, जुन भरिएर फुट्छ। देखाउँछन् नि– घडाबाट सीता निस्किइन्। अहिले तिमी सच्चा-सच्चा सीता निस्किइरहेका छौ। राधा पनि निस्किइन् भने सीता पनि निस्किइन्। रघुपति राघव राजा राम लेखेर सीताको नाम थपिदिएका छन्। जगत अम्बा, जगत पिता नै फेरि राज-राजेश्वर, राज-राजेश्वरी बन्छन्। यिनै लक्ष्मी-नारायण थिए, फेरि अन्त्यमा हेर के बन्छन्! सत्ययुगमा कुनै यतिका ३३ करोड मनुष्य थिएनन्। त्यहाँ त धेरै कम हुन्छन्। पछि वृद्धि हुँदै जान्छ। दैवी सम्प्रदाय नै पुनर्जन्म लिँदै-लिँदै फेरि आसुरी सम्प्रदाय बन्न पुग्छ। अहिले आसुरी सम्प्रदायलाई फेरि दैवी सम्प्रदाय बनाइरहेको छु। कल्प-कल्प बनाउँछु। तिम्रो बुद्धिमा सारा ज्ञान आइसकेको छ। तिमी नै त्रिकालदर्शी बन्छौ। तीन लोकको पनि ज्ञान मिलेको छ। तिमीले भन्छौ– हामी पूज्य वैकुण्ठनाथ थियौं, अहिले पुजारी नर्कको नाथ बनेका छौं। 'हम सो' को यथार्थ अर्थ नजान्नाको कारण 'हम आत्मा सो परमात्मा' भनिदिन्छन्। कति फरक बनाइदिएका छन्। अहिले तिमीलाई सम्झाइएको छ– यो विश्वको इतिहास-भूगोल हो। तिमीले यस बेहदको चक्रलाई पनि जानेका छौ। तीन लोक, तीन काललाई पनि तिमीले जानेका छौ।

यो गुप्त कुरा बाबाले पढाउनुहुन्छ। कसैलाई थाहा छैन– गीतामा कुनै यस्तो कुरा कहाँ छ र। यो ज्ञान जसको पासमा छ, उहाँले नै सिकाउनुहुन्छ। फेरि आफ्नो पार्ट त्यही समयमा रिपीट गर्नुहुन्छ। क्राइस्टले आफ्नो पार्ट आफ्नो समयमा रिपीट गर्छन्। तिमीलाई थाहा छ– हामी सूर्यवंशी, चन्द्रवंशी, वैश्य, शूद्रवंशी बन्छौं। चक्र घुमिरहन्छ। इस्लामी, बौद्धीहरूले फेरि आफ्नो पार्ट रिपीट गर्नेछन्। जब एक देवी-देवता धर्म रहन्छ, अरू सबै धर्म रहँदैनन्। विश्व त एउटै हो। बाबाले रचयिता र रचनाको रहस्य सम्झाउनु भएको छ, हरेक मनुष्य हदको ब्रह्मा हुन्। बच्चाहरूलाई रचना गर्छन् फेरि उनको पालना गर्छन्। रचनालाई वर्सा मिल्छ रचयिता पिताबाट। भाइले भाइलाई वर्सा दिन्छन्– यो कहिल्यै सुनेका छौ? बच्चाहरूले सम्झन्छन्– एक त हुन्छन् हदका पिता, त्यो त सबैलाई थाहा छ। हदको पितासँगबाट हदको वर्सा मिल्छ। लौकिक टिचरले पढाउँछन्, पढाउँदैमा कुनै सारा सृष्टिको मालिक कहाँ बन्छन् र। यो बेहदको कुरा हो। हदका सबैले पनि उहाँ बेहद बाबालाई याद गर्छन्। उहाँलाई भनिन्छ नै बाबा, शिवबाबा। रचयितालाई बाबा भनिन्छ नि। केवल बाबा नाम हल्का हुन्छ, त्यसैले शिवबाबा भनिन्छ। उहाँ हुनुहुन्छ नै निराकार। सोधिन्छ– शिवबाबासँग तपाईंको के सम्बन्ध छ? भन्छन्– शिवबाबा झोली भरिदिनुहोस्। बाबाको नाम शिव एक्युरेट हो। शंकरको चित्र अलग छ। शिव र शंकर दुवैलाई मिसाएर शिव-शंकर भन्नु, यो त धेरै ठूलो भूल हो। उच्च भन्दा उच्च बाबालाई बिर्सिएका छन्। चित्र धेरै राम्रा छन्। ब्रह्माद्वारा अहिले स्थापना भइरहेको छ। ज्ञान पनि अहिले मिल्छ। तिमी अहिले ब्राह्मण बनेका छौ। ब्राह्मण कहाँबाट आए? उनलाई एडप्ट गर्छु। ब्रह्मालाई पनि एडप्ट गरेको हुँ। ब्रह्माद्वारा ब्राह्मण पैदा भए। तिमीलाई थाहा छ– अहिले हामी प्रजापिता ब्रह्माकुमार कुमारी हौं। प्रजापिता शब्द अवश्य राख्नुपर्छ। केवल ब्रह्मा भन्नाले ब्रह्मा नाम त धेरैको हुन्छ। प्रजापिता ब्रह्मा नाम त कसैको हुँदैन। यी त मनुष्य हुन् नि। रुद्र शिवबाबाले यो ज्ञान यज्ञ रच्नु भएको हो। अवश्य ब्राह्मण चाहिन्छ। तिमीलाई थाहा छ– ब्राह्मण कसरी हुन्छन्! यज्ञ ब्राह्मणहरूद्वारा रचिन्छ।

तिमी ब्राह्मण हौ, फेरि देवता बन्नु छ। आउनु फेरि यस सृष्टिमा पर्छ, फेरि यी सबै कहाँ जान्छन्? यस रुद्र ज्ञान यज्ञमा सबै स्वाहा हुन्छन्। पुरानो दुनियाँको आहुति यस रुद्र ज्ञान यज्ञमा पर्छ। यस रुद्र ज्ञान यज्ञबाट नै विनाश ज्वाला निस्किएको हो। शंकरद्वारा विनाश गायन गरिएको छ। लक्षण पनि वास्तवमा देखिएको छ। यो हुबहु उही समय हो। गायन गरिएको छ– यूरोपवासी यादव, कौरव र पाण्डव। हिन्दुहरूले आफ्नो धर्मलाई नै बिर्सिएका छन्। चित्र पनि छन्, तर कसैलाई थाहा छैन। देवी देवताहरूको राज्य थियो तर उनलाई यो राज्य कसले दियो? देवी-देवता धर्मको स्थापना कसरी भयो? यो बिल्कुलै जानेका छैनन्। जसले धर्म स्थापना गर्नुहुन्छ, उहाँले नै सम्झाउनु हुन्छ। अरू कसैले विश्वको इतिहास-भूगोल सम्झाउन सक्दैन। तीन लोकको ज्ञान कसैले दिन सक्दैन। सबैको पार्टलाई तिमीले जानेका छौ। यी सबै फेरि आफ्नो समयमा पार्ट खेल्न आउँछन्। पछि गएर तिम्रो महिमा पनि बढ्दै जानेछ। छिट्टै वृद्धि हुनेछ। त्यसैले कति ठूलो भवन बनाउनु पर्छ। ड्रामामा पार्ट छ। जानेका छौ– कति धेरै बच्चाहरू आउनेछन्। वृद्धि भइ नै रहन्छ। आउँछन् पनि शिक्षा लिनको लागि। बाँकी त यसै घुम्न धेरै आउँछन्। कुनै शिक्षा मन्त्री आदि आए भने उनलाई पनि ज्ञान सम्झाउनु पर्छ। हाम्रो हो विश्वको इतिहास-भूगोल। सारा कल्पको चक्रलाई कसैले पनि जानेको छैन। तिमी अब ज्ञान सागरद्वारा मास्टर ज्ञान सागर बनेका छौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) बेहदको इतिहास-भूगोल पढ्नु र पढाउनु छ। सर्व अलंकारहरूलाई धारण गर्नको लागि पावन फरिश्ता बन्नु छ।

२) बुद्धिमानहरूको बुद्धि एक बाबा हुनुहुन्छ, उहाँको श्रीमतमा चलेर बुद्धिमान बन्नु छ। यो ब्राह्मण जीवन अमूल्य छ– यस नशामा रहने गर।

वरदानः– रंग र रूपको साथसाथै सम्पूर्ण पवित्रताको सुगन्धलाई धारण गर्ने आकर्षणमूर्त भव

ब्राह्मण बनेपछि सबैमा रंग पनि आएको छ र रूप पनि परिवर्तन भएको छ तर सुगन्ध नम्बरवार छ। आकर्षणमूर्त बन्नको लागि रंग र रूपको साथै सम्पूर्ण पवित्रताको सुगन्ध हुनु पर्छ। पवित्रता अर्थात् केवल ब्रह्मचारी होइन, देहको लगावदेखि पनि अलग। मन बाबा सिवाय अरू कुनै पनि प्रकारको लगावमा नजाओस्। तनद्वारा पनि ब्रह्मचारी, सम्बन्धमा पनि ब्रह्मचारी र संस्कारमा पनि ब्रह्मचारी– यस्तो सुगन्ध भएका रूहानी गुलाब नै आकर्षणमूर्त बन्छन्।

स्लोगनः– यथार्थ सत्यको परख गर्यौ भने अतीन्द्रिय सुखको अनुभव गर्न सहज हुन्छ।